राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि


वर्ष– २७, अङ्क– ४४, असार ३ गते शुक्रबार, २०७९ (17 June, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# बजेट र वर्गदृष्टि

## तीनै तहका बजेट : व्यवस्था, संविधान र जनअपेक्षाको सम्बोधन

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** असारको सुरुआतसँगै प्रदेश सरकारहरूले वार्षिक बजेट सार्वजनिक गरेका छन् । आ-आफ्नो प्रदेशगत अवस्था, विशिष्टता र प्रकृतिअनुसार कुनै प्रदेशले निकै ठूलो आकारको त कुनै प्रदेशले मध्यम आकार र कुनैले तुलनात्मकरूपले सानो आकारको बजेट सार्वजनिक गरेका छन् ।



वर्तमान संविधानले व्यवस्था गरेअनुरूप मुलुकमा तीन तहका 'सरकार' क्रियाशील छन् । वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागू हुनुअघि पनि शासन-प्रशासनका विभिन्न तह त थिए तर केन्द्रबाहेक अरु भने आफैंमा 'सरकार' भने थिएनन् । केन्द्र, पाँच विकास क्षेत्र, चौध अञ्चल, पचहत्तर जिल्ला, विभिन्न गाउँ र नगर तथा वडाहरूको संरचनामा रहेको नेपाल पछिल्लो संविधानको कार्यान्वयनसँगै सङ्घ; सात प्रदेश; महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी ५ सय ५३ वटा स्थानीय तह र हजारौं वडाहरूमा पुनर्संरचित भएको छ । यद्यपि जिल्ला संयन्त्र पनि कायमै छ र पचहत्तरको ठाउँमा सतहत्तर जिल्ला कायम गरिएका छन् ।

यी संरचनाहरूमध्ये सङ्घ, प्रदेश र स्थानीय तहलाई तीन तहका 'सरकार' का रूपमा परिभाषित गरिएको छ । र, सरकार भन्नासाथ त्यसका आधारभूत तीन अङ्ग- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अनिवार्य तत्त्वका रूपमा सँगसँगै आउँछन् । त्यसैले तीनै तहका 'सरकार' सँग यी तीनै अङ्ग समेत क्रियाशील छन् । अतः यी तीनै तहका 'सरकार' ले हरेक आर्थिक वर्षको सुरुआतअघि आ-आफ्नो वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्छन्, पारित गराउँछन् र अभ्यासमा लान्छन् ।

यही व्यवस्था र सोको मर्मअनुरूप १५ जेठमा सङ्घीय सरकारले सङ्घीय

क्रमशः अन्तिम पृष्ठमा

गर्मी र वर्षात्को समयमा खाना खाँदा ध्यान दिऔं !

- बासी र सडेगलेका खाने कुराहरू नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिंगा र भुसुना भन्किन नदिऔं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- खुलारूपमा बेच्न राखिएका खाना र पेय पदार्थ सकेसम्म उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एसपीपी सम्झौता नगर्ने प्रचण्डको प्रतिबद्धता

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेपालको राष्ट्रिय स्वाधिनताको पक्षमा दृढता व्यक्त गर्दै गठबन्धन सरकारले अमेरिकाको 'स्टेट पार्टनरसिप प्रोगाम' (एसपीपी) सम्झौता नगर्ने प्रष्ट पारेका छन् । पार्टी मुख्यालय पेरिसडाँडामा आयोजित २१औं रितबहादुर खड्का स्मृति दिवस कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सरकार नेपालको राष्ट्रियता स्वाधिनताको पक्षमा दृढतापूर्वक उभिने र त्यस्तो खालको कुनै सम्झौता नगर्ने विश्वास दिलाएका हुन् ।

उनले वर्तमान सरकार यो सम्झौता गर्नेतर्फ नलाग्ने बरु यस अघिको ओली सरकारले उक्त सम्झौताको कार्यान्वयन गर्ने काम गरेको तथ्य इतिहासमा भेटिने उल्लेख गरे । एसपीपीका विषयमा चर्चा गरेर राष्ट्रवादको झुठो प्रचार गर्ने काम भएको पनि ओलीले नै गर्दै आएको अध्यक्ष दाहालले बताए ।

'बरु यो एसपीपी सम्झौता कार्यान्वयन गर्ने काम सन् २०१९ मा केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको तथ्य इतिहासमा छ, यो कुरा हामी सबैले बुझ्न जरुरी छ' अध्यक्ष दाहालले भने- 'एसपीपी सम्झौता हुँदैछ रे, भइ नै सक्यो रे भनेर जुन ढंगले प्रचार गरिएको छ, त्यो झुठो हो ।

क्रमशः अन्तिम पृष्ठमा

## रूखलाई माया गरौं, प्राणवायु जोगाऔं



समय-सन्देश
कृष्णप्रसाद भुसाल

हामीले अहिलेसम्म कति रुख रोप्यौं ? वृक्षारोपणका अभियान कति चलायौं ? र, आफैंले लगाएका बिरुवा कति हुर्कायौं ? हामीले जे-जति रुख-बिरुवाहरू हुर्कायौं तीभन्दा बढी नै काट्यौं कि ? अथवा, हामी आफैंले नकाटे पनि हाम्रै प्रयोगका लागि त पक्कै काटिए र काटिइरहेका छन् ।

हामीले यी प्रश्नहरूको उत्तर आफैंमा खोज्ने प्रयास गर्‍यौं भने पर्यावरणीय चक्रमा हामीले केही न केही योगदान अवश्य गर्न सक्दछौं । आज वातवरणीय असन्तुलन पैदा भएको छ । र, हामीले त्यसका अनेकौं दुष्परिणाम भोगिरहेका छौं ।

रुख (समग्रमा वनस्पतिजगत्) पृथ्वीमा सनातन पर्यावरणीय चक्रको सञ्चालन तथा सन्तुलन र प्राणीजगत् जिउने प्रमुख आधार हो । गाँस, बास, कपास र औषधिमूलो मात्र होइनन्, स्वास-प्रश्वासका लागि अत्यावश्यक तत्त्व अर्थात् प्राणवायु अक्सिजन समेत वनस्पतिजगत्कै उपज हो ।

एक स्वस्थ व्याक्तिले दिनमा कम्तिमा पनि ५ सय ५० लिटर अक्सिजन लिन्छ, जसको न्यूनतम बजार मूल्य १३ हजार ७ सय ५० रूपैयाँ पर्छ । रुख अर्थात् वनस्पतिबाटै यो मात्राको अक्सिजन हामीले निःशुल्क पाइरहेका छौं । एउटा ठूलो रुखले दिनमा चार जनालाई पुग्ने अक्सिजन उत्सर्जन गर्छ भने त्यति नै मान्छेले फाल्ने विषाक्त ग्यास (कार्बनडाइअक्साइड) को शोष्ने काम पनि गर्छ । तर बिडम्बना, तिनै रुख र रुखहरूद्वारा सिर्जित वन-पर्यावरणालाई मान्छेहरूले नै तीव्ररूपमा विनाश गरिरहेका छन् ।

भौतिक विकासका नाममा प्राकृतिक सम्पदाहरू मास्ने क्रम संसारभर तीव्र छ । अझ

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ४४, असार ३ गते शुक्रबार, २०७९

## सम्पादकीय

# प्रदेश सरकारमा फेरि हात हालेर नगिजोल्ने कि ?

वर्तमान प्रतिनिधिसभा र प्रदेशसभाको अवधि लगभग आधा वर्षजसो मात्रै बाँकी छ। ३० वैशाखमा स्थानीय तहको निर्वाचन सकिएसँगै सबैका ध्यान प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनतर्फ केन्द्रित हुन थालिसकेको छ। लगभग छ महिना अघिदेखि आसन्न चुनावतर्फ ध्यान तानिनु र राष्ट्र, सकार र दलहरूले त्यसैको तयारी थाल्नु सर्वथा स्वाभाविक प्रक्रिया पनि हो।

तर, ठीक यही परिस्थितिका बीच प्रदेश- १ र बागमती प्रदेशको नेतृत्व परिवर्तन हुने हल्ला गाइँगुइँ सुनिन थालेको छ। पूर्ववर्ती प्रदेश सरकारहरूलाई विस्थापित गरी अहिलेका सरकारहरू गठन गर्ने र तिनले विश्वासको मत हासिल गर्ने बेला वर्तमान सत्ता-गठबन्धनका दलहरूबीच बाँकी अवधिमा आधा-आधा हुने गरी सरकारको नेतृत्व गर्ने 'भद्र सहमति' भएकाले अब ती दुई प्रदेशका मुख्यमन्त्रीहरूले मार्गप्रशस्त गर्नुपर्ने र गठबन्धनभित्रैको अर्को दल (विशेषतः नेपाली कांग्रेस) ले प्रदेश सरकारको नेतृत्व गर्नुपर्ने भनाइ सुनिन थालेको छ।

दलहरूबीच सहमति भएकै हो भने त्यसको पालना हुनु राम्रो कुरा हो र हुनु पनि पर्छ। तर, केवल आन्तरिक सहमति लागू गर्ने, पालो वा भाग पु¥याउने र पार्टी-पार्टी, गुट-गुट र नेता-नेताका महात्त्वाकांक्षा पूरा गरिदिने बहानामा राष्ट्र र जनतालाई नै अप्ठ्यारो अनुभूत हुने परिस्थितिको निर्माण भने कसैले पनि गर्नु हुँदैन। प्रदेशसभा सदस्यहरूको कार्यकाल सकिनै लाग्दा अर्थात् चुनावको मुखैमा मुख्यमन्त्रीको राजीनामा, नयाँ मुख्यमन्त्रीको नियुक्ति, तिनलाई विश्वासको मत पुऱ्याउने जोडघटाउको खेलो र नयाँ प्रदेश मन्त्रीहरूको छिनाझपटी र तानातान, तिनले मन्त्रालयमा पदबहाली गरेर सहयोगी तथा सचिवालयको छनोट आदि-इत्यादि कार्य सकिँदा नसकिँदै चुनाव सम्पन्न भएर फेरि नयाँ प्रदेश सरकार गठनको सन्दर्भ अगाडि आइहाल्नु राजनीतिक एवम् व्यावहारिक दृष्टिले शोभनीय हुँदैन। अतः दलहरू चुनावतर्फ केन्द्रित भएर लाग, प्रदेश सरकारहरूमा फेरि पनि हात हालेर गिजोल्नेतर्फ नलाग्नु नै उचित देखिन्छ।

## रूखलाई...

हाम्रोजस्ता विकासोन्मुख देशहरूमा यसको गति र प्रकृति अनियन्त्रित नै छ। मानवीय क्रियाकलापकै कारण संसारको प्राकृतिक प्रणालीको स्वरूप तथा गुणस्तरमा पछिल्लो शताब्दीमा निकै नै ह्रास आइरहेको छ।

संसारभरकै यो दूराअवस्थाबाट जैविक विविधता र प्राकृतिक स्रोतलाई पहिलेकै अवस्थामा फर्काउन वा थप विनासबाट बचाउन संयुक्त राष्ट्रसङ्घले सन् २०२१-२०३० लाई 'पर्यावरणीय प्रणाली पुनर्स्थापना दशक' घोषणा गरेको छ।

वातावरणीय चासो र मुद्धा स्वाभाविकरूपमै बहुआयामिक प्रकृतिको हुन्छ।

यसमा आउने वा ल्याइने बदलावले भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र मानोवैज्ञानिक अर्थ राख्दछ। तर, यसलाई खालि वातावरणको एकल विषयका रूपमा मात्र हेर्ने गरिन्छ।

साझा र बहुपक्षीय असर पार्ने पर्यावरणीय चुनौतीको सामनाका लागि पनि आमचासो र सबैको पर्यावरणमैत्री क्रियाकलाप अत्यावश्यक हुन्छ।

वातावरण संरक्षणका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्धि-महासन्धि, देशको संविधान, नीति तथा कार्यक्रम, राष्ट्रिय तथा स्थानीय कार्ययोजनाहरू र तिनको कार्यवन्यन महत्त्वपूर्ण हुन्छन्।

यद्यपि त्योभन्दा पनि बढी महत्त्व त हरेक व्यक्तिको पर्यावरणमैत्री आचरण र जिम्मेवारीको हुन्छ।

प्रकृतिलाई माया गर्ने, पूजा गर्ने र दिगो उपयोगमा जोड दिने हाम्रो सनातन मान्यता र प्रचलन समेत हो। पानीका मुहान, पहाडका अग्ला चुली, ठूला र विशिष्ट रुख, फरक आकृति र अवस्थितिका चट्टानहरूमा 'देवता' को बास हुन्छ भन्ने जनविश्वास समेत छ।

ग्रामीण क्षेत्रहरूमा मूलतः वर्षायाममा बिरुवा रोप्ने र एक ठाउँबाट अर्को ठाउँमा सार्ने व्यापक प्रचलन थियो।

करिव तीन दशकअघि हामी हुर्कंदै गरेका बखत अर्घाखाँचीको धारापानी गाँउमा हाम्रा अग्रजहरूले गरेका प्रकृतिमैत्री व्यवहारहरू हाम्रो मानसपटलमा अझै पनि ताजै छन्।

समयको गतिशीलतासँगै स्वाभाविकरूपमा हाम्रो सोच, दैनिकी र व्यवहार बदलिँदै जानु र विकसित हुनु अनि 'आधुनिकता' प्रति अकर्षित र अभ्यस्त हुनु अनौठो कुरा भएन। तर, हामी पूर्खाबाट पर्यावरणमैत्री आचरण, परम्परागत ज्ञान र पद्धतिको अनुसरण गर्न भने नराम्ररी चुकेका छौं।

हाम्रा हजुरबुबामा बाँसको विरुवा रोपणप्रति निकै ठूलो लगाव थियो। उहाँले 'बाँसले पहिरो नियन्त्रण गर्छ र यसको घाँस समेत राम्रो हुन्छ' भन्नुभएको धुमिल सम्झना अहिले पनि छ। हरेक वर्षा याममा हजुरबुबाले बाँसका विरुवा सार्नुहुन्थ्यो।

फलतः त्यसबेला गाँउमै सबैभन्दा धेरै बाँसघारी हाम्रै थिए र अहिले पनि छन्। बाँसका तामालाई गाईगोरुले खानबाट जोगाउन वर्षा यामभर हरेक बिहान तामामा गाईको गोबर दल्नुपर्थ्यो। बाँस मात्र होइन, अरु बिरुवा रोप्न र घाइते जनावरको उद्धारमा पनि हजुरबुबाको निकै अभिरुचि थियो। जङ्गली जनावर तथा चराचुरुङ्गी मार्नु र तिनको मासु खानु नहुने मान्यता हजुरबा पुस्तामा विद्यमान थियो।

ऊबेला ठाउँ-ठाउँमा र बाटाघाटामा चौतारा बनाएर त्यहाँ बर-पीपल र समीका बोटहरू रोप्ने प्रचलन हराउँदै गएको छ। त्यही बेलाका चौतारा र बाटो किनारका ठूलठूला रुखहरू समेत मासिँदै गएका छन्। वृक्षारोपणका लागि कुनै वातावरणीय 'दिवस' अथवा 'विशेष दिन' खोजिन्छ। अनेक तामझाम गरी रोपिएको बिरुवालाई भोलिपल्टदेखि भने कसैले पनि वास्तै गर्दैन।

फलतः रुख रोप्ने र हुर्काउनेजस्ता वातावरण संरक्षणका 'अभियान' त 'फेसन' मात्र बन्दै गएका छन्।

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ लाई 'वृक्षारोपण वर्ष' घोषणा गरेर पाँच करोड बिरुवा रोप्ने लक्ष लिएको थियो। यही वर्षको असोजमा पनि सरकारले 'राष्ट्रसेवक कर्मचारी वृक्षारोपण अभियान' का नाममा एक करोड बिरुवा रोप्ने काम सुरु गऱ्यो।

अभियान सुरुआतका रूपमा केही हजार बिरुवा रोपिए पनि। तर, ती कुनै पनि 'अभियान' यथार्थतामा परिणत भएनन्, लक्ष हासिल गर्न सकेनन्।

'धेरै रुख रोप्ने सय देशहरू' को विश्वव्यापी सूचीमा गतवर्ष नेपाल ६७औं स्थानमा छ, जहाँ नेपालले वार्षिक ३५ लाख ७५ हजार १ सय ९७ बिरुवा रोपेको उल्लेख छ।

सो वर्ष सबैभन्दा धेरै रुख चीनमा रोपिए, जहाँ २ अर्ब ४० करोडभन्दा बढी बिरुवा रोपिएको उल्लेख छ।

हामीकहाँ सर्वाधिक दुःखद् कुरा के छ भने रोपेका बिरुवाको उचित हेरचाह नै गरिँदैन। बरु हरेक वर्ष सोही ठाउँहरूमा दोहोऱ्याएर 'वृक्षारोपण' का नाटकहरू मञ्चन गरिरहिन्छ।

रुख रोप्ने, हुर्काउने र जोगाउनेजस्तो पर्यावरण संरक्षणको काम कुनै 'विशेष' दिनमा मात्र होइन, सधैं गरिनुपर्छ, यसलाई जीवनको एउटा अभिन्न अङ्शकै रूपमा सबैले स्वीकार्नुपर्छ। अझै पनि सचेतना अभिवृद्धि र उत्तरदायित्वबोधकै आवश्यकता छ।

ठूलठूला सभा-सम्मेलन, गोष्ठी-सेमिनार र अन्तर्क्रियामा पर्यावरणीय संरक्षणका निकै ठूला कुरा गरिन्छन्, अनेकन उपाय, सुझाव र प्रतिवेदनहरू प्रस्तुत गरिन्छन्।

मुख्य कुरा त प्रत्येक व्यक्तिले आफ्नै जीवन-अभ्यासमा ती कुरालाई के-कति आत्मसात् गरेको छ भन्नेचाहिँ हो। 'म एक्लैले गरेर के पो हुन्छ र' भन्ने मानसिकताबाट मुक्त भई सकारात्मक सोच र उद्देश्यका साथ अघि बढाइने एकल अभियानले पनि ठूलो प्रभाव पार्दछ र निकै महत्त्व राख्दछ। 'हरित बनेपा' अभियान र 'रसिक पालाञ्चोके' लाई नै उदाहरणका रूपमा लिन सकिन्छ। काभ्रे पालाञ्चोकस्थित सुन्दर र ऐतिहासिक बनेपालाई हराभरा, रुखयुक्त र स्वच्छ सहर बनाउने उद्देश्यका साथ दस वर्ष अघिदेखि रुख रोप्ने र हुर्काउने स्वयम्सेवी अयिानमा लागेका रसिकले छ हजारभन्दा बढी रुख रोपेर हुर्काइरहेका छन्।

वृक्षारोपण अभियन्ता हेमन्त काफ्लेले आफैं नर्सरी सञ्चालन गरी निःशुल्क बिरुवा वितरण गरिरहेका छन्।

उनले ६० हजारभन्दा बढी बिरुवा बाँडिसकेका छन्। जोधपुर (भारत) नजिकको खिजरी गाउँमा बसोबास गर्ने बिस्नोई जातिका मान्छेले राजाका सिपाहीहरूद्वारा रुख काट्नबाट रोक्नका लागि सन् १६०४ मा रुखलाई अँगालो हालेर उभिए। सिपाहीहरूले भने ३ सय ६३ जना मान्छेलाई नै मारिदिएर सिङ्गै जङ्गल फडानी गरे। पछि (सन् १९७२ मा) भारतकै उत्तराखण्डका गाँउले महिलाहरू पनि रुख काटनबाट रोक्ने आन्दोलनमा उत्रिए। तिनले पनि उसैगरी रुखलाई अँगालो हाले।

'चिपको आन्दोलन' का नामले परिचित उक्त अभियानले रुख जोगाउन विश्वलाई नै प्रेरित गऱ्यो। सन् १९७९ देखि रुख रोप्न सुरु गरेका जयदेव पाएङले ३० वर्षको अवधिमा चार करोड बिरुवा रोपी ब्रह्मपुत्रको करिव छ वर्गकिलोमिटर बाँझो जमिनलाई हराभरा बनाए। क्यानडेली नागरिक केन चापलीनले सन् २००१ मा एक दिनमै १५ हजार १ सय ७० बिरुवा रोपेर गिनिज बुकमा नाम लेखाए।

यी र यस्ता उदाहरणबाट हामी पनि उत्प्रेरित हुनुपर्छ, रुखलाई माया गर्नुपर्छ।

हामी सबैले आ-आफ्नो दैनिकीमा पनि कुनै न कुनै पर्यावरणमैत्री क्रियाकलापलाई आत्मसात् गरेर अघि बढ्यौं भने पर्यावरणीय प्रणालीको संरक्षण तथा पुनर्स्थापनामा निकै सहयोग पुग्दछ। आफैं बाच्नका लागि मात्र भए पनि रुखलाई बचाऔं !

*(होलिस्टिकबाट)*

# मल र पुस्तक उपलब्ध गराउन माग

**काठमाडौं।** खेतीको समयमा पनि किसानले मल नपाएको र शैक्षिकसत्र सुरु भएको लामो समय बितिसक्दा समेत विद्यार्थीले पुस्तक नपाएको भन्दै सांसदहरूले तत्काल समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभाको बैठकको शून्य समयमा बोल्ने अधिकांश सांसदले किसानले मल बीउ नपाएको र विद्यार्थीले पुस्तक नपाएको भन्दै यथाशीघ्र किसानलाई मल र विद्यार्थीलाई पुस्तक उपलब्ध गराउन माग गरेका हुन्।

सांसद लक्ष्मीकुमारी चौधरीले अहिले अनलाइनका समयमा पनि विद्यार्थीलाई किताब दिन नसक्नु विडम्बनापूर्ण भएको र यसले राज्यको प्राथमिकतामा विद्यालय नपरेको शंका उब्जाएको भन्दै तत्काल समस्या समाधन गर्न माग गरे।

किसानलाई मलखाद उपलब्ध गराउन पनि आग्रह गर्दै सांसद लक्ष्मी परियारले विद्यार्थी पुस्तकविनै कहिलेसम्म विद्यालय धाउनुपर्ने बालबालिकाले चाँडो किताब पाउने वातावरण बनाउन शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराएकी थिइन्। उनले कृषकलाई मल र बीउ उपलब्ध गराउन सरकार समक्ष माग गरे।

सांसद लालप्रसाद साँवा लिम्बुले जन्मसिद्ध नागरिकता प्राप्त नागरिकका छोराछोरीले उमेर पुगेर पनि नागरिकता नपाएर उनीहरू लाइसेन्स, प्रवेशाषाज्ञालगायत महत्वपूर्ण कागजातबाट वञ्चित हुनुपरेको भन्दै तत्काल संसदमा विचाराधीन नागरिकता विधेयकलाई अघि बढाउन माग गरे। सांसद विद्या भट्टराईले विपद् र प्रकोपजन्य घटना नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण ध्यानाकर्षण गराए।

यस्तै सांसद बीनाकुमारी श्रेष्ठले जुन १२ विश्व बालश्रम उन्मूलन दिवसका सन्दर्भमा शुभकामना व्यक्त गर्दै रेस्टुरेन्ट तथा घरेलु कामदारका रूपमा बालश्रम शोषण भइरहेको भनी बालश्रम उन्मूलनका लागि सरोकारवालाको ध्यानाकर्षण गराइन्।

शून्य समयमा बोल्दै सांसद विमला विश्वकर्माले हात्ती प्रभावित क्षेत्रका जनताको समस्या समाधान गर्न तत्काल हात्ती नियन्त्रणका लागि बजेट विनियोजन गर्न माग गरे। उनले बालश्रमको पूर्ण अन्त्यका लागि सरोकारवाला निकायको ध्यानाकर्षण गराए।

मरु सरकारद्वारा हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा कृषि तथा किसानलाई प्राथमिकता दिँदै आएको भए पनि अहिले खेतीका समयमा किसानले मल नपाएर सास्ती व्यहोर्नु परेको भन्दै सांसद बीनादेवी बुढाथोकीले समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराइन् भने सांसद विन्दा पाण्डेले नागरिकता विधेयक दुई वर्षदेखि संसद्मा विचाराधीन रहेकाले नागरिकले नागरिकता पाउन नसकिरहेको भन्दै नागरिकताविहीन नागरिकको अधिकार सुनिश्चितताका लागि उक्त विधेयक तत्काल अघि बढाउन माग गरिन्।

शून्य समयमा सांसद विशाल भट्टराईले खोटाङको फोक्सिडटारस्थित सुनकोसीको पुल निर्माण शीघ्र सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराए भने सांसद विष्णु शर्माले घोराहीको नेत्रलाल मार्गको कालोपत्र गर्न बजेटको व्यवस्था गर्न माग गरे। उनले कालापानी, लिपुलेकलगायत सीमाका पीडित जनताको मर्काको सुनुवाइ हुनुपर्ने माग समेत गरे।

गत शुक्रबार जाजरकोटमा भएको जीप दुर्घटनामा मृतक भएकाप्रति श्रद्धाञ्जली अर्पणसहित घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सांसद शक्तिबहादुर बस्नेले यस्ता किसिमका दुर्घटना न्यूनीकरणका लागि सडक स्तरोन्नति गर्न माग गरे। उनले मनसुन सुरु भएकाले विपद् जोखिमका घटना न्यूनीकरणको तयारीमा जुट्न सरकारको ध्यानाकर्षण गरे।

यस्तै शून्य समयमा बोल्ने सांसद शेरबहादुर तामाङले विभिन्न प्रकोपजन्य घटनाका कारण सिन्धुपाल्चोकलाई सरकारले संकटग्रस्त जिल्ला घोषणा गरेको र विश्वबैंकबाट करिब छ अर्ब रूपैयाँ पैसा आएको भए पनि पीडितले न्याय नपाएको भन्दै जिल्लाका नाममा आएको पैसा जिल्लामै खर्च गर्ने वातावरण सिर्जना गर्न सरकार समक्ष माग गरेका थिए।

सांसद सत्या पहाडीले कर्णालीका जनताले अझै पनि सडक र बिजुलीको आधारभूत सेवा पाउन नसकेको बनेका सडक पनि स्तरीय नभएको भन्दै सरोकारवाला निकायको ध्यानाकर्षण गराए भने सांसद समीन हुसेनले हजीलाई डबल दस्तुर लिएर हज गर्न कसले पठाएको भनी प्रश्न गर्दै नागरिकता नपाएर नागरिकले कहिलेसम्म पीडा भोग्ने भन्दै जवाफ माग गराएका थिए।

मुस्लिम समुदायलाई हजमा जान लगाएको आर्थिक भार कम गर्न र सहज बनाउन तथा हजयात्रीलाई अनुदान उपलब्ध गराउन सांसद सरवतआरा खानमले सरकारसमक्ष माग गरेका थिए। सांसद सरलाकुमारी यादवले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलपछिको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा तीन दशक पहिलादेखि बाराको निजगढमा प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माणमा ढिलाइ गरिएको र विमानस्थल निर्माणमा भाँजो हाल्न देशीविदेशी तत्वले भूमिका खेलिरहेको भन्दै छिटोभन्दा छिटो निर्माण प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराए।

सांसद डा सूर्यप्रसाद पाठकले गृह मन्त्रालयले २०५२ सालमा दलित समुदायका नागरिकले चाहेमा गैर दलितसँग मिल्ने थर नागरिकतामा राख्न चाहेमा पाउने व्यवस्था गरेको भए पनि नागरिकता र शैक्षिक प्रमाणपत्रमा फरक थर परेकाले दुवैमा एक रूपता ल्याउन सरकारको ध्यानाकर्षण गराए। सांसद हिरा विकले खोटाङको साकेल गाउँपालिकाको सडक बाटो अलपत्र अवस्थामा रहेको र सवारीसाधन सहज रूपमा सञ्चालनको वातावरण सिर्जना गर्न माग गरेका थिए।

# अर्थतन्त्र बलियो पार्न प्रस्तावित बजेट



विचार-दृष्टिकोण

जनार्दन शर्मा 'प्रभाकर'

३ जेठमा संघीय संसद्का दुवै सदनमा विनियोजन विधेयक, २०७९ को सिद्धान्त र प्राथमिकता पेस भएपछि माननीय सदस्यहरूले अत्यन्त गम्भीरताका साथ प्रस्तुत सिद्धान्त र प्राथमिकताहरूमा आफ्ना बिचार र सुझावहरू राख्नुभएको छ। यी सवै विचार र सुझावलाई मैले आगामी बजेटको मार्गनिर्देशनका रूपमा लिएको छु।

विनियोजन विधेयकका विषयमा अलि ढिलो गरी छलफल भयो किनभने हामी सबै स्थानीय निर्वाचनको परिस्थितिमा थियौं। यही निर्वाचनकै कारण छोटो समयमा बजेट बनाउनुपर्ने आवश्यकता पनि छ। विषयगत क्षेत्रका विज्ञ र सरोकारवालाहरू, सर्वसाधाण र संघीय संसदका दुवै सदनबाट उठेका सबै विषयहरूलाई सम्बोधन गर्नुपर्ने पनि जरुरी छ। त्योभन्दा महत्त्वपूर्ण कुरा, नेपालको अर्थतन्त्रको सबलीकरण गर्ने या मजबुत बनाउने विषयमा जुन चिन्ता व्यक्त भइरहेको छ, त्यसैमा बजेट, नीति तथा कार्यक्रम र योजना केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

अहिले आयात हुने वस्तु तथा सेवाको परिमाण वृद्धि भइरहेको छ। यस्ता वस्तुको आयात भइरहेको छ, जुन हाम्रो घर-आँगन र बारीमा उत्पादन गर्न सक्छौं। कतिपयलाई यस किसिमको आयात यस वर्ष, यति बेला, यो महिना मात्रै भयो भनेर भ्रम हुन सक्छ। तर, यस्तो आयात पहिलेदेखि नै निरन्तर भइरहेको छ। अहिले आएर हामीले यो डरलाग्दो आयातलाई रोक्नुपर्ने आवश्यकता छ।

अर्थतन्त्रमा हामीले मुख्यतया तीनवटा समस्याहरू भोगेका छौं- पहिलो, कोभिड- १९ को महामारीबाट हाम्रो अर्थतन्त्र प्रभावित भयो; दोस्रो, बेमौसमी वर्षा भएर धेरै ठूलो जनधनको क्षति हामीले बेहोर्‍यौं। यसले हाम्रो अर्थतन्त्रलाई गहिरो प्रभाव पार्‍यो; तेस्रो, अहिले विश्वमा चलिरहेको रुस र युक्रेनको भनेर देखिएको युद्ध छ, यसले अन्तर्राष्ट्रियजगतकै मूल्य-श्रृंखलामा पारेको प्रभावका कारण नेपालको अर्थतन्त्रमा चुनौती सामना गरिरहेका छौं। यी तीन प्रमुख चुनौती र अन्य समस्याका बाबजुद हाम्रो कूल गार्हस्थ उत्पादन (जीडीपी) वृद्धि भएको छ। हाम्रो आर्थिक वृद्धि ५.८४ प्रतिशत हुने अनुमान केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको छ।

समस्याका बाबजुद पनि नेपालको अर्थतन्त्रले के दिशा देखाइरहेको छ भने हामीले थोरै मात्रै राम्रो नीति बनायौं र त्यसलाई कार्यान्वयन गरेर जवाफदेही भयौं भने हाम्रो जीडीपी र पुँजी निर्माण तीव्र गतिमा अगाडि बढ्ने सम्भावना छ।

## मुलुकको बास्तविक आर्थिक चित्र

गत आर्थिक वर्ष ०७७-७८ को वैशाख मसान्तसम्ममा २५ हजार ३ सय ३१ वटा कम्पनीहरू दर्ता भएका थिए। चालू आव ०७८-७९ को वैशाख मसान्तसम्म २६ हजार ७ सय ५० वटा कम्पनीहरू दर्ता भएका छन्। यसको अर्थ पेशा, व्यवसाय, उद्योगधन्दा गर्नेहरूको चाहना र सक्रियता बढिरहेको कुरा यसबाट पुष्टि हुन्छ। हामीले चालू आवका लागि ६.५ प्रतिशतको सीमाभित्र मुद्रास्फितिलाई राख्ने लक्ष्य लिएका थियौं। तर, कोभिड- १९ को प्रभाव, बेमौसमी वर्षाले कृषि बालीमा पुर्‍याएको क्षति र रुस-युक्रेन द्धन्दले विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्रको मूल्यश्रृंखलामा पारेको प्रभावका कारण वैशाख मसान्तसम्म ७ं२८ प्रतिशत मुद्रास्फिति पुगेको छ।

वैशाख मसान्तसम्म १६ खर्ब ५ अर्ब रूपैयाँको आयात भएको छ भने १ खर्ब ७३ अर्ब रूपैयाँको निर्यात भएको छ। आयात २७ं९ प्रतिशत र निर्यात ६९ं८ प्रतिशत वृद्धि भएको छ। निर्यातको प्रतिशत बढेपनि आयातको तुलनामा सानो नै छ।

व्यापार घाटा २४.९ प्रतिशतले वृद्धि भई १४ सय ३१ अर्ब पुगेको छ। ०७८ असार मसान्तमा १३ सय ९९ अर्ब रूपैयाँ बिदेशी विनिमयको सञ्चिती रहेकामा १६.५ प्रतिशतले कम भई चैत, ०७८ सम्ममा ११ सय ६८ अर्ब रूपैयाँ कायम भएको छ। यसले ६६ महिनाको वस्तु र सेवा खरिद गर्न पर्याप्त छ।

चालू आवको पहिलो नौ महिनामा विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.६ प्रतिशतले कमी आएको छ। हालसम्म ७ सय २५ अर्ब रूपैयाँ रेमिट्यान्स प्राप्त भएको छ। अहिले शोधानान्तर स्थिति २ सय ६८ अर्ब रूपैयाँले घाटामा रहेको छ। चालू खाता ५ सय १३ अर्ब रूपैयाँले घाटामा छ।

चालू आर्थिक वर्षको ९ महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या उल्लेख्यरूपमा वृद्धि भएको छ। हालसम्म २ लाख ५६ हजार ३१ जनाले श्रम स्वीकृति लिइसकेका छन्। वैशाख मसान्तसम्म लगानी बोर्डमार्फत ८२ अर्ब र उद्योग विभागमार्फत ३४ अर्ब रूपैयाँको वैदेशिक लगानीको प्रतिबद्धता आएको छ। वैशाख मसान्तसम्म संघीय सरकारको कूल खर्च ९ सय ९ अर्ब रूपैयाँ भएको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १०.२ प्रतिशतले बढी हो। यद्यपि, चालू खर्च ७ सय १७ अर्ब रूपैयाँ (बजेटको ६७.२९ प्रतिशत) र पुँजीगत खर्च १ सय १९ अर्ब रूपैयाँ (३१ं२८ प्रतिशत) रहेको छ।

चालू आर्थिक वर्षको वैशाख मसान्तसम्मको राजस्व परिचालनको तुलना गर्दा गत वर्षको यहीं अवधिको ६ सय ७१ अर्ब रूपैयाँ संकलन भएकोमा त्यसमा वृद्धि भई ९ सय ८ अर्ब रूपैयाँ पुगेको छ, जुन राजस्व लक्ष्यको तुलनामा ७७ प्रतिशत हो। चालू आवमा २ सय २९ अर्ब रूपैयाँ बराबरको आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएकोमा वैशाख मसान्तसम्म १ सय ३५ अर्ब रूपैयाँ आन्तरिक ऋण उठाइएको छ। वैदेशिक सहायतातर्फ वैशाख मसान्तसम्म ७९ अर्ब रूपैयाँ अनुदान र १ सय ३४ अर्ब रूपैयाँ ऋण गरी कूल २ सय २४ अर्ब रूपैयाँ अन्तर्राष्ट्रिय सहायता प्राप्त भएको छ।

चालू आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार उच्च भएका कारण बैंकिङ प्रणालीको तरलतामा चाप परेको छ। वार्षिक विन्दुगत आधारमा चैत मसान्तसम्म अघिल्लो वर्षको तुलनामा निजी क्षेत्रतर्फको कर्जा विस्तार १७.०८ प्रतिशत पुगेको छ। दुई महिनाअघिसम्म कर्जा विस्तार ३२ प्रतिशत पुगेको थियो। निक्षेप संकलनतर्फ १२.२ प्रतिशत मात्र वृद्धि भएको छ। चालू आवको १० महिनामा राष्ट्र बैंकबाट विभिन्न उपकरणमार्फत ७४ खर्ब ९३ अर्ब रूपैयाँ तरलता प्रवाह गरिएको छ। चैत मसान्तसम्म राष्ट्र बैंकबाट सहुलियत दरमा प्रदान गरिएको कर्जा १ सय १७ अर्ब रूपैयाँ लगानी भएको छ। साथै, सोही अवधिमा १ लाख ४५ हजार ६ सय ९३ ऋणीलाई २ सय १७ अर्ब सहुलियतपूर्ण कर्जा प्रवाह गरिएको छ।

चैत मसान्तसम्म कोभिड- १९ बाट प्रभावित उद्यमी तथा व्यवसायीलाई प्रदान गरिएको व्यासायिक निरन्तर कर्जा १ अर्ब १३ करोड रूपैयाँ स्वीकृति भएको छ। पूर्वाधार निर्माणका क्षेत्रमा सरकारले भुक्तानी दिन सकेन भन्ने आरोप गलत छ। निर्माण सामग्रीको मूल्यवृद्धि भएपछि बढेको मूल्यमा काम गर्न सक्दैनौं भनेर कतिपय निर्माण व्यवसायीको संगठनले हडताल गरेर बसिरहेको अवस्था छ। सम्बन्धित मन्त्रालयबाट भुक्तानी पनि नलिएको र काम पनि नगरेको अवस्था छ।

## विनियोजन विधेयकबारे

विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका विषयमा धेरै कोणाबाट धेरै छलफल भएका छन्। अहिलेको अर्थतन्त्रको समस्यालाई समाधान गर्नका लागि हामीले नीतिगतरूपमा केही सिप लिनुपर्ने आवश्यकता छ। हामीले बजेटका विषयमा निरन्तरतामै जाने कि नीतिगतरूपले थोरै परिवर्तन गर्ने भन्ने विषयमा यहाँ विषयहरू उठिरहेका छन्। आयात प्रतिस्थापन गर्ने हो भने विगतको जस्तै बजेट बनायो भने निरन्तरता मात्रै हुन्छ किनभने विगतका कार्यक्रमलाई निरन्तरता दिंदा हामीलाई कुनै गुणात्मक उपलब्धि भएको छैन।

चालू आर्थिक वर्षमा कार्यान्वयन भइरहेको प्रतिस्थापन विधेयक भनेको विगतको सरकारले बनाएकै बजेट कार्यान्वयन भइरहेको स्थिति हो। हुन त यहाँ हाम्रो योजना काटियो भन्ने गुनासो पनि आउने गरेको छ। खासमा, २४ लाख रूपैयाँ दिएर ५० किलोमिटर सडक बनाउने सपना सम्भव नहुने र कार्यान्वयन नुहने भएको हुँदा ती सडकहरू तल (प्रदेश र स्थानीय तह) हस्तान्तरण गर्ने भनेर प्रतिस्थापन विधेयकमा राखेको थिएँ। तर, पछि हेर्दा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न पनि सम्भव देखिएन किनभने तिनको डीपीआर पनि छैन, न कुनै पूर्वतयारी छ। केही पनि छैन।

त्यसमध्येका जो कार्यान्वयनमा गएका थिए, ठेक्कापट्टा भएका थिए, ती योजनाहरूलाई बजेट उपलब्ध गराइएको छ, काटिएको छैन। १४ सयबाट घटेर ७-८ सयमा आएको छ। २४ लाख रूपैयाँले बन्न नसक्ने सडक स्थगन गरिएको थियो। बजेटलाई पुरानै ढङ्गले निरन्तरता दिँदाखेरि हामीले फेरि पनि हजारौं सडकहरू राख्नुपर्छ। आगामी आवको बजेटमार्फत यो प्रवृत्तिलाई केही सुधारको प्रयत्न गरिनेछ।

विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतालाई लामो पनि लेख्न सकिन्थ्यो, धेरै पेज बनाउन पनि सकिन्थ्यो। तर, यी एजेण्डहरू मात्रै हुन्। हामी यो बाटो जान्छौं भनेर संकेत गर्ने कुरा सिद्धान्त र प्राथमिकतामार्फत राखिएको छ। सदनमा छलफलका क्रममा यो कुन सिद्धान्तमा आधारित छ भनेर प्रश्न उठेको पाएको छु। यो फुकुयामाको सिद्धान्त होइन, यो नेपाली जनताले विकसित गरेको नेपालको मौलिक सिद्धान्त हो। नेपालका राजनीतिक नेता र जनताले संश्लेषण गरेको मौलिक सिद्धान्तका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी, समानुपातिक लोकतन्त्रको सिद्धान्तमा आधारित छ। हाम्रो संविधानले गरेअनुसार निर्देशित छ। सिद्धान्त योभन्दा बाहिर छैन।

म स्पष्ट पार्न चाहन्छु, नेपाली जनताको आजको आवश्यकता के हो ? त्यो विषय विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा लेखेको छु। मधेश, कर्णाली र सदूरपश्चिम प्रदेश, जहाँ सबैभन्दा बहुआयामिक र निरपेक्ष गरिबीको ठूलो मारमा परेका जनता छन्। देशभरका गरिब, उत्पीडित जनताको निर्देशन र आकांक्षलाई सम्बोधन गर्ने गरी सिद्धान्त र प्राथमिकतामा उल्लेख छ।

आजको आर्थिक समृद्धि, प्राथमिकता कसका लागि हो भन्दा हाम्रो गरिबी, विभेद, असमानताका विरुद्ध र समावेशी र सामाजिक न्यायका पक्षमा हो भन्ने कुरा सरकार स्पष्ट छ। हामीले कहाँबाट सुरु गर्ने भन्ने प्रश्न हो। हामीले कृषिलाई प्राथमिकता दिएर जानुपर्नेछ, यसको बहुआयामिक अर्थ छ। हामीलाई चाहिने खाद्यवस्तु हामी आफैंले उत्पादन गर्न सक्नुपर्छ भन्ने मान्यता छ। यसो गर्नाले आत्मनिर्भरता, आयात प्रतिस्थापन, रोजगारी सृष्टि र गरिबी निवारणमा मद्धत पुग्छ।

गरिबीलाई छुट्टै, उत्पादनलाई छुट्टै र आयात प्रतिस्थापनका लागि छुटै नीति तथा कार्यक्रम बनाउने अहिलेसम्मको अभ्यासले नतिजा नदिएको देखिएको हुँदा ती सबैलाई एकीकृत गरेर गरिब, दलित, पिछडिएको क्षेत्रलाई एकीकृत गरेर सजिलैसँग प्रारम्भमै नतिजा ल्याउन सक्ने कृषि क्षेत्र नै हो। कृषिले नै राष्ट्रलाई आत्मनिर्भर बनाउन सक्ने भएले हाम्रो ध्यान यतापट्टि केन्द्रित छ। मुलुकभित्रै बढीभन्दा बढी रोजगारी सिर्जना गर्ने उद्देश्यले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता अघि बढाइएको छ।

*लेखक अर्थमन्त्री हुन्*



# स्थानीय तहमा विजयी ७७ पत्रकारको महासंघद्वारा बिदाइ

**काठमाडौं ।** नेपाल पत्रकार महासंघले सक्रिय राजनीतिमा लागेर स्थानीय तहको निर्वाचनमा विजयी समेत बनेको ७७ पत्रकारको सदस्यता हटाउन थालेको छ।

स्थानीय तहमा विजयी र उम्मेदवार बनेर सक्रिय राजनीतिमा होमिएका पत्रकारलाई महासंघले जिम्मेवारी र साधारण सदस्यता समेतबाट हटाउन हो । नेपाली पत्रकारितालाई स्वतन्त्र, निष्पक्ष र व्यावसायिक तुल्याउन महासंघले चालेको शुद्धीकरणको अभियानअन्तर्गत सक्रिय राजनीतिमा लागेका पत्रकारलाई महासघबाट बिदाइ गरिएको हो ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा हालसम्मको विवरणअनुसार महासङ्घमा सदस्य रहेका ७७ जना पालिकाको प्रमुख उपप्रमुखसहित विभिन्न पदमा विजयी र २०७ जना उम्मेदवार रहेका थिए । विजयी भएकालाई महासंघले साधारण सदस्यताबाट स्वतः हटाएको छ भने उम्मेदवार भएका वा उम्मेदवार भएर फिर्ता लिएकालाई महासंघको केन्द्र, प्रदेश र जिल्ला कमिटीको पदाधिकारी वा कार्यसमितिमा रहेकाको हकमा उक्त जिम्मेवारीबाट मुक्त गराई साधारण सदस्य हटाउने तयारी गरेको छ।

महासंघका केन्द्रीय सदस्य शान्त आङ्बुहाङ र दीपेन्द्र रुम्दाली राईसहित ३० जना सदस्यले उम्मेदवारी दिनुअगावै महासङ्घबाट राजीनामा दिएका थिए । महासङ्घले ती राजीनामा स्वीकृत भइसकेको जनाएको छ ।

महासंघले 'प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि कार्यरत नेपाली पत्रकारलाई संगठित गरी उनीहरूको पेशागत हक, हित र श्रम अधिकारको संरक्षण र संवर्द्धन'का लागि कार्य गर्दै आएको छ।

उम्मेदवारी दिएकालाई पनि साधारण सदस्यताबाट किन नहटाउने भन्ने विषयमा महासंघले प्रक्रिया अघि बढाएका बेला स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवार भई फिर्ता लिएका भक्तपुर जिल्ला शाखाका अध्यक्ष जगतकृष्ण प्रजापतिले सर्वोच्च अदालतमा रिट निवेदन दिएका कारण हाल कारबाही प्रक्रिया रोकिएको छ। सर्वोच्च अदालतले लिखित जवाफ माग गरेकाले शुक्रबार महासंघले जवाफ दिने तयारी गरेको छ।

महासंघका महासचिव रोशन पुरीका अनुसार महासंघका सदस्यमध्ये प्रदेश नं १ मा २८ जना उम्मेदवार र १४ जना विजयी, मधेस प्रदेशमा २४ जना उम्मेदवार र पाँच जना निर्वाचित, बागमती प्रदेशमा ४१ जना उम्मेदवार र १३ जना विजयी, गण्डकी प्रदेशमा ३३ जना उम्मेदवार र १५ जना विजयी भएका थिए।

यस्तै पत्रकारिताबाट राजनीतिमा लागेकामध्ये लुम्बिनी प्रदेशमा ३७ जना उम्मेदवार र १५ जना विजयी, कर्णाली प्रदेशमा २४ उम्मेदवार, १२ जना विजयी र सुदूरपश्चिम प्रदेशमा २० जना उम्मेदवार र १० जना विजयी भएका थिए।

स्थानीय तहमा निर्वाचित वा पराजित भएपछि मधेस प्रदेश कमिटीका सचिव भोला पासवान, महोत्तरी शाखाका अध्यक्ष कमलेश मण्डल, भक्तपुर शाखाका अध्यक्ष प्रजापति, म्याग्दी शाखाका पूर्वअध्यक्ष सल्लाहकार सुरत केसी, प्यूठानका शाखाका पूर्वध्यक्ष महावीर रानालगायतलाई महासङ्घको जिम्मेवारीबाट मुक्त गराइएको छ।

निर्वाचनमा उम्मेदवार र विजयी भएका सदस्यलाई नेपाल पत्रकार महासंघको विधान, २०६० (पाचौं संशोधन, २०७५) को दफा ३२ को अनुशासन र कारबाही एवं दफा ३३ को आचारसंहित सम्बन्धी व्यवस्था बमोजिम कारबाही प्रक्रिया अघि बढाइएको हो । महासंघका अध्यक्ष विपुल पोखरेलको अध्यक्षतामा गत वैशाख ८ गते भएको केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक (भर्चुअल) ले निर्वाचनमा उम्मेदवार बन्न चाहने सदस्यले महासंघको गरिमा, साख र साभा चरित्रको ख्याल गर्दै सदस्यता परित्याग गरेर उम्मेदवारी दिन आग्रह गर्न गरेको निर्णय वैशाख १२ गते विज्ञप्ति जारी सार्वजनिक भएको थियो । विधानको दफा ७ को सदस्यता समाप्तिमा दफा ३२ को घ बमोजिम विधान प्रतिकूल कार्य गरेको भन्ने ठहर भएमा भन्ने व्यवस्था पनि गरेको छ।

'मस निर्वाचनमा स्वतन्त्र र तटस्थ भूमिका निर्वाह गर्न तथा पत्रकार आचारसंहिताको पालना गर्न सदस्यलाई आग्रह गर्दै आएको महासंघको गत जेठ १५ गते काठमाडौंमा उपलब्ध पदाधिकारी र सदस्यको बैठकले महासंघमा सदस्य रहेर उम्मेदवारी दिएका तथा विजयी भएकालाई जिम्मेवारी र सदस्यताबाट हटाउने प्रक्रियाका सम्बन्धमा निर्णय गरेको थियो।

# पश्चिमी चितवनमा आतंक मच्चाउने नरभक्षी बाघ नियन्त्रणमा

**काठमाडौं ।** पश्चिम चितवनमा हिंसक बन्दै आएको बाघलाई चितवन राष्ट्रिय निकुञ्जले नियन्त्रणमा लिएको छ। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार बाघलाई आज साँझ ६ बजे भरतपुर महानगरपालिका-२७ स्थित राधाकृष्ण सामुदायिक वनबाटै नियन्त्रणमा लिइएको हो।

बाघको आक्रमणबाट स्थानीय २३ वर्षीया रेखा बस्नेतको मृत्यु भएको थियो। सो बाघले निगुरो टिप्न गएकी बस्नेतलाई आक्रमण गरेको थियो। बाघलाई चितवन राष्ट्रिय निकुञ्जको सौराहामा रहेको खोरमा राखिने छ। बाघ नियन्त्रणमा लिनका लागि गरिएको प्रयास स्वरूप डार्ट गरिएको उनको भनाइ थियो। यस आर्थिक वर्षमा चितवन राष्ट्रिय निकुञ्जले तीन वटा नरभक्षी बाघलाई नियन्त्रणमा लिएको छ।

बाघ नियन्त्रणका लागि चितवन राष्ट्रिय निकुञ्जको टोली, नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोषका वन्यजन्तु चिकित्सक तथा कर्मचारी एवं हात्ती प्रयोग गरिएको थियो।

# रोल्पा र गोरखा जिससमा माओवादीको प्यानल विजयी

**काठमाडौं ।** जिल्ला समन्वय समिति रोल्पाको सम्पन्न निर्वाचनमा नेकपा (माओवादी केन्द्र) को प्यानल विजयी भएको छ। समितिको प्रमुखमा सीता आचार्य तथा जिल्ला समन्वय समितिको उपप्रमुखमा सोही पार्टीका कर्मलाल परियार निर्वाचित भएका हुन्।

समन्वय समितिको सदस्यमा माओवादी केन्द्रको तर्फबाट ईन्द्रबहादुर रोका, केवलप्रसाद घर्ती र शेरबहादुर पुनः निर्वाचित भएका छन्। दलितबाट अल्पसंख्यक सदस्यमा माओवादी केन्द्रका निलम सुनार निर्वाचित भएकी छिन्। महिला सदस्यमा सोही पार्टीका जितकुमारी विक, मिना सुनार र शर्मिला पुनमगर निर्वाचित भएका छन्।

बीस मतदाता रहेको रोल्पामा माओवादी केन्द्रको १४, नेपाली कांग्रेसको पाँच र नेकपा (एमाले)को एक मतदाता रहेको छ। उपप्रमुखबाहेक सबै पदनिर्विरोध भएको हो। उपप्रमुखमा नेपाली कांग्रेसका टेकबहादुर बस्नेतले उम्मेदवारी दिएका थिए। उपप्रमुखमा माओवादी केन्द्रका कर्मलाल परियारले १३ मत र कांग्रेसका टेकबहादुर बस्नेतले ५ मत प्राप्त गरेका थिए। एक मत बदर भएको थियो भने एमालेले मतदानमा सहभागिता जनाएन्।

यसैगरी गोरखा जिल्ला समन्वय समितिमा पनि माओवादी केन्द्रका मोहनबहादुर थापा निर्विरोध चयन भएका छन्। एकल उम्मेदवारी परेपछि माओवादी केन्द्रका प्रमुख, उपप्रमुखसहित नौ सदस्य निर्विरोध निर्वाचित भएको मुख्य निर्वाचन अधिकृत दिनबन्धु बरालले जानकारी दिए।

यस्तै समन्वय समितिको उपप्रमुखमा लिला परियार निर्वाचित भएका छन्। उनी सहिद लखन गाउँपालिका-९ बाट वडा सदस्यमा विजयी भएका थिए। प्रमुख थापा गोरखा नगरपालिका-९ बाट वडा सदस्यमा निर्वाचित भएका थिए। समन्वय समितिको सदस्यमा मोहन ढकाल, मोहम्मद हकिम, शिवप्रसाद रेग्मी, इन्दिरा देवकोटा, प्रमिना घले, मीरा उपरकोटी र गंगाबहादुर वयलकोटी निर्विरोध चयन भएका छन्। समन्वय समितिमा कूल २२ मतदाता थिए।

जिल्लाका ११ स्थानीय तहमध्ये माओवादी केन्द्रले ९ पालिकामा प्रमुख र ६ पालिकामा उपप्रमुख जितेको थियो। कांग्रेसले दुई पालिकामा प्रमुख र पाँच पालिकामा उपप्रमुख जितेको थियो। प्रमुख, उपप्रमुखसहित सबै सदस्यले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए।

# जनआन्दोलनका घाइते र बेपत्ताका परिवारको निःशुल्क स्वास्थ्य बीमा

**काठमाडौं ।** जनआन्दोलनका घाइते, बेपत्ताजन, द्वन्द्व प्रभावित, 'ख' वर्गको अपाङ्गता भएका व्यक्ति र नियमित डायलासिस गर्नुपर्ने बिरामीका परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्न सुरु गरिएको छ। गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वार्षिक कार्यक्रमअन्तर्गत जिल्लाका लक्षित समूहमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागू भएको हो। स्वास्थ्य बीमा बोर्डका जिल्ला संयोजक दिनेश जिसीका अनुसार हालसम्म १३३ परिवारको स्वास्थ्य बीमा गरिएको छ।

जसमा 'ख' वर्गको अपाङ्गता भएका व्यक्तिका ११२, डायलासिस गर्नुपर्ने मिंगौलाका बिरामीका आठ, जनआन्दोलनका घाइते पाँच, द्वन्द्व प्रभावित चार र बेपत्ताजनका चार परिवार छन्। ती परिवारले यही जेठ १ गतेदेखि स्वास्थ्य जाँच र उपचारमा बीमाको सुविधा पाउन थालेको संयोजक जिसीले बताए। 'तोकिएका क्षेत्रका व्यक्ति बीमाको प्रक्रियामा आइरहनुभएको छ, अब दर्ता हुन आउने आउँदो भदौ १ गतेदेखि बीमा लागू हुन्छ' उनले भने 'वडा तहमा खटिनुभएका दर्ता सहयोगीमार्फत ती परिवारको बीमा दर्ता हुन्छ, त्यसबापत कुनै शुल्क लाग्दैन।'

अन्य सर्वसाधारणले पाँच जनासम्मको परिवारका लागि वार्षिक तीन हजार पाँचसय रूपैयाँ बीमा बोर्डलाई बुझाउनु पर्ने र त्यसबाट एक लाखसम्मको उपचार सेवा लिन पाइन्छ। संयोजक जिसीले 'ख' वर्गको अपाङ्गता भएका, द्वन्द्व प्रभावितलगायतका व्यक्ति अभै छुटेकाले उनीहरूलाई बीमाको प्रक्रियामा ल्याउन पहल भइरहेको बताए। अपाङ्गता परिचयपत्र, डायलासिस गर्नुपर्ने बिरामीको अस्पताल रिपोर्ट, द्वन्द्वप्रभावित, जनआन्दोलनका घाइतेको परिचयपत्र नभए जिल्ला प्रशासन कार्यालयको सिफारिसका आधारमा बीमा दर्ता गरिने बोर्डले जनाएको छ।

बोर्डका अनुसार संघ सरकारमार्फत पनि अति विपन्न परिवार, ज्येष्ठ नागरिक लगायतको निःशुल्क स्वास्थ्य बीमा हुँदै आएको छ। गण्डकी प्रदेश सरकारले निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई आउँदो आवमा पनि निरन्तरता दिने जनाएको छ। केही दिनअघि सार्वजनिक नीति तथा कार्यक्रममा पनि सो विषय उल्लेख छ। बागलुङमा विसं २०७३ देखि स्वास्थ्य बीमा कार्यक्रम सुरु गरिएको थियो। स्वास्थ्य बीमाले स्वास्थ्य जाँच तथा उपचारमा सर्वसाधारणलाई लाभ मिलेको छ। जिल्लाको ३५ प्रतिशत जनसङ्ख्या स्वास्थ्य बीमामा जोडिएको बोर्डले जनाएको छ।

# 'भुसालको अभिव्यक्ति कारबाहीयोग्य छ' : एमाले आयोग

**काठमाडौं ।** नेकपा एमालेको केन्द्रीय मुख्यालय च्यासलमा बसेको सोही दलको अनुशासन आयोगको बैठकले स्थायी कमिटी सदस्य घनश्याम भूसालमाथि कारबाही गर्न सिफारिस गरेको छ।

यसअघिको आयोगकै सचिवालयको निर्णयलाई अनुमोदन गर्दै मंगलबार बसेको आयोगको पूर्ण बैठकले भूसालको अभिव्यक्ति कारबाही योग्य भएको दलिल गरेको हो। आयोगका एक सचिवालय सदस्यले पार्टी नेतृत्वबारे भुसालले जस्तो अन्तरवार्ता दिए त्यो कारबाही योग्य भएको ठोकुवा गर्दै सचिवालयको निर्णयलाई अनुमोदन गरेको हो।

गत जेठ १८ मै अध्यक्ष केशव बडालले अनुशासन आयोगको सचिवालय बैठक राखेर भूसाललाई पार्टी विधान बमोजिम कारबाही गर्न सिफारिस गरेका थिए। एमालेले आइतबार केन्द्रीय कार्यालय समिति र सोमबार सचिवालय समितिको बैठकमा एजेण्डा नबनेको घनश्यामलाई कारबाही गर्ने सिफारिस सचिवालय बैठक सकिएकै दोस्रो दिन मंगलबार बसेको आयोगको पूर्ण बैठकले अनुमोदन गरेको हो। आयोगका ती सचिवालय सदस्यको भने- 'आवश्यक निर्णय केन्द्रीय कमिटीले गर्छ। हामीले सिफारिस गर्ने हो, टेलिभिजनको त्यो अन्तर्वार्ता कारबाही योग्य छ।'

भुसालले स्थानीय तह निर्वाचनमा हारको जिम्मेवारी पार्टी अध्यक्ष खड्गप्रसाद ओलीले लिनुपर्ने अभिव्यक्ति हिमालय टेलिभिजनसँगको एक अन्तर्वार्तामा बताएका थिए। स्थानीय तह आयोगको बैठकले ठाउँ र व्यक्तिको किटान नगरीकनै स्थानीय चुनावमा अन्तर्घात गर्नेलाई विधान बमोजिम कारबाही गर्न समेत सिफारिस गरेको छ।

# समस्यैसमस्याबीच नेपाल–भारत सीमा व्यवस्थापन बैठक

**काठमाडौं ।** नेपाल-भारत सहसचिवस्तरीय सीमा व्यवस्थापनसम्बन्धी 'ज्वाइन्ट वर्किङ ग्रुप' (जेडब्लूजी) बैठकमा भाग लिन गृह मन्त्रालयका सहसचिव फणिन्द्रमणि पोखरेलको नेतृत्वमा नेपाली टोली नयाँ दिल्ली प्रस्थान गरेको छ। भारतको राजधानी दिल्लीमा बुधबार र बिहीबार (जुन १५-१६, २०२२) बस्ने सो १२ औं बैठक प्रत्येक वर्ष दुवै देशले आलोपालो आयोजना गर्ने चलन छ।

दिल्लीमा हुन लागेको १२ औं बैठकमा नेपाली टोलीका रूपमा गृह मन्त्रालयका सहसचिव एवं सुरक्षा तथा समन्वय महाशाखा प्रमुख पोखरेल संयोजकसहित परराष्ट्र, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट तीन जना सहसचिव, अध्यागमन विभागका महानिर्देशक, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि, गृह मन्त्रालयका स्थानीय प्रशासन र सीमा तथा अध्यागमन शाखाका दुई उपसचिव सहभागी हुने भारतस्थित नेपाली राजदूतावासका काउन्सिलर, गृह मन्त्रालयको स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा र परराष्ट्र मन्त्रालयका दुई शाखा अधिकृतसहित १३ जना सहभागी हुने उल्लेख गरिएको छ ।

सो बैठकमा नेपाल-भारत सीमा क्षेत्रका स्तम्भ, सीमा सुरक्षाको अवस्था, सीमापार अपराध रोकथाम तथा नियन्त्रण, तेस्रो देशका नागरिक एकअर्का देशमा घुसपैठ गरेर हुनसक्ने आवतजावत, आतंकवाद अपराध रोकथाम तथा नियन्त्रणका लागि सूचना आदानप्रदानलगायत विषयका एजेन्डा भए पनि सरकारले त्यसबारे केही भनेको छैन।

दुई देशबीच सीमा मामिला र त्यसबाट निम्तिएका समस्या यत्रतत्र बग्रेल्ती भए पनि सहसचिवस्तरीय समितिलाई सबै समस्यामाथि समन्वय र छलफल गर्ने कार्यादेश नभएको स्रोतको दाबी छ। सीमा मामिलामा दुई देशबीच परराष्ट्रमन्त्री, परराष्ट्र सचिव, उर्जा जलस्रोत तथा सिन्चाई सचिव, गृह र नापी विभागका सहसचिव, सशस्त्र प्रहरी र भारतीय एसएसबीका प्रमुखलगायत प्रमुख जिल्ला अधिकारी र सशस्त्रका स्थानीय कमान्डरमार्फत् सीमा समन्वय र सीमा सुरक्षाका स्थानीय संयन्त्र रहेता पनि यी संयन्त्रका नियमित बैठक नहुँदा समस्या समाधानमा कुनै प्रगति भएको देखिँदैन।

दिल्ली पुगेका एक नेपाली अधिकारीका अनुसार सीमा समस्यासँग जोडिएका अधिकांश विषय समेटेर बैठकमा औपचारिक-अनौपचारिक कुराकानी हुने दावी गरे। 'मुख्यगरी सीमा सुरक्षा, सीमा व्यवस्थापन र सीमापार अपराध रोकथाम-नियन्त्रण एवं सीमाबाट हुने घुसपैठलाई केन्द्रमा राखेर बैठकमा छलफल हुन्छ तर हाम्रासामु समस्याका चाङ धेरै छन्, त्यसलाई औपचारिकतामा राख्न नमिल्ने अवस्थामा अनौपचारिक रूपमा भए पनि उठ्छन्, मुख्यगरी वर्षायाममा बस्न लागेको बैठकमा सीमा क्षेत्रको डुबान-कटान र त्यसबाट दुवै देशलाई पर्ने असरमा विषयमा हामी कुन रूपमा हुन्छ, विषयको उठान त गर्छौं नै' ती अधिकारीले भने। यसअघि नै टोली संयोजक पोखरेलले बैठकमा पेस भएका र उठान गरिएका विषयमा फर्किएपछि जानकारी गराइने बताएका थिए।

खुला सीमा रहेको नेपालको भारतसँग भन्डै १ हजार ८ सय ८० किमि लम्बाइमा अन्तर्राष्ट्रिय सीमा कायम रहेकोमा पूर्वी सीमा करिब २ सय ३५.२ किमी, दक्षिणी सीमा करिब १ हजार ३ सय ७०.२४ किमी र पश्चिमी सिमाना करिब २ सय ७० किमी रहेको बताइन्छ। दुई देशका नागरिक बिनारोकटोक आवतजावत गर्न सक्ने भएपछि एक देशमा अपराध गरेर अर्को देशमा लुक्ने, हातहतियारको अवैध ओसारपसार, आतंकवादी गतिविधि, लागूऔषध, जाली नोटको कारोबार, सुन तस्करी, भन्सार छलीलगायतका समस्या त छँदै छन्।

मुख्यतः भारतीय पक्षबाट सीमा क्षेत्रमा निर्माण गरिएका अनधिकृत भौतिक संरचनाले प्राकृतिक बहावअनुसार पानी बग्न नपाउँदा वर्षायाममा सीमा क्षेत्रका नेपाली बाढी र डुबानको चपेटामा पर्ने गरेको सीमा क्षेत्रमा सहमतिबेगर भारतीय पक्षले बनाएका अनधिकृत भौतिक संरचना पनि नेपालका लागि समस्या बन्ने गरेको मात्र नभई भारतले नेपाल तर्फको सीमा सुरक्षार्थ ५ सय ३० स्थानमा सशस्त्र सीमा बल (एसएसबी)का जनशक्तिलाई तैनाथ गराउँदै आएको छ। सीमा क्षेत्रबाट भारतले एसएसबीलाई अधिकार र साधनस्रोत सम्पन्न बनाएर खटाउँदै आए पनि नेपालतर्फ सीमा सुरक्षा, सीमा व्यवस्थापन लगायतमा एकीकृत संरचना र समन्वय अभाव खड्किएको छ। सरकारले आब २०७९/८० भित्र सीमा सुरक्षा ऐन र सीमा नीति ल्याउने बताए पनि अन्तरसरकारी निकायबीच समन्वय अभावमा ऐन र नीति आउनेमै सरकारी अधिकारी विश्वस्त देखिँदैनन्।

सीमा सुरक्षार्थ सशस्त्र प्रहरीले भारततर्फ २ सय २१ स्थानमा बोर्डर आउट पोष्ट (बीओपी)मार्फत सुरक्षा तैनाथी गर्ने गरे पनि साधनस्रोत र जनशक्तिको सीमिततामा कारण प्रभावकारी रूपमा जनशक्ति तैनाथी हुन सकेको छैन।

नागार्जुन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, नेपाल
समृद्ध नागार्जुनको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
**एवं नागार्जुन नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, काठमाडौं

तारकेश्वर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, नेपाल
समृद्ध तारकेश्वरको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
**एवं तारकेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं

चाँगुनारायण नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, नेपाल
समृद्ध चाँगुनारायणको आधार, पर्यटनसहितको पूर्वाधार

## नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः
- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख
**एवं चाँगुनारायण नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, भक्तपुर, नेपाल

# सार्वजनिक सूचना

सार्वजनिक सडकमा निर्वाध रूपमा आवतजावत गर्न पाउने सबैको नैसर्गिक अधिकार हो । तसर्थ, यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो । सडकमा सीमा अतिक्रमण गरी घर, टहरालगायत अस्थायी एवम् स्थायी संरचनाहरू निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै, यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधनहरू धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिलाउने एवम् फोहरमैला डम्प गर्नेजस्ता कार्य नगरिदिनु हुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइप लाइनहरू सम्बन्धित निकायबाट यथासिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु हुन सबै सरोकारवाला पक्षहरूसँग हार्दिक अनुरोध गरिन्छ ।

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**थानकोट–चित्लाङ सडक योजना**
कलङ्की, काठमाडौं

**कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै जम्मा गरौ, बेग्लाबेग्लै थुप्र्याऔं ।**
**फोहर व्यवस्थापनमा योगदान गरौं, सभ्य नागरिकको पहिचान दिऔं ।**

## बजेट र...

संसद्मा राष्ट्रिय बजेट प्रस्तुत गरिसकेको छ। विभिन्न प्रक्रिया पूरा गरेर त्यो पारित हुने चरणमा आइपुगेको छ। त्यसलगत्तै प्रदेश सरकारहरूले प्रदेशसभामा र स्थानीय सरकारहरूले स्थानीयस्तरकै व्यवस्थापिकामा बजेट प्रस्तुत गरेका छन्। अनेकौं विवाद, समस्या र व्यवधानका कारण केही स्थानीय तहमा भने बजेट प्रस्तुत हुन सकेको छैन।

सरकारी नीति तथा कार्यक्रम र बजेटको वैचारिक आधार, आधारभूत दृष्टिकोण र वर्गपक्षधरता तथा रकमको अङ्क र विनियोजनका क्षेत्र एवम् प्राथमिकताबारे भने मनग्गे छलफल, बहस र विवाद छन्। वर्गविभाजित नेपाली समाज, अल्पविकसित राष्ट्र, प्रदेश र स्थानीय तहहरू, अनेकौं सङ्घर्ष, क्रान्ति र प्रतिरोधको आङ्शिक मात्रै सफलता र अहिलेका सबै तहका सबै सरकारी संरचना मूलतः असफलसिद्ध संसदीय व्यवस्थाकै घेराभित्र कैद रहिरहेको वास्तविकताका कारण यी बजेटहरू पनि विगतका शासकहरूले प्रस्तुत गर्ने बजेटभन्दा खासै भिन्न, आशाप्रद र प्रगतिशील हुन नसकेको र नसक्ने तथ्यमाथि कुनै छलफल र बहसको जरुरत नै छैन। तुलनात्मकरूपले केही तलमाथि हुने र प्राथमिकताका विषय-क्षेत्रमा सामान्य हेराफेरि बेग्लै कुरा हो।

अतः संसदीय व्यवस्था र यथास्थितिवादी राजनीतिक प्रणालीका पक्षधरहरू यिनै स-साना हेराफेरि र शीर्षक तथा अङ्कको तलमाथिमै चर्को माथापच्ची गरिरहेका छन्; गरमागरम 'बहस' छेडिरहेका छन्। संसदीय व्यवस्थालाई सिधै अस्वीकार गर्ने र आमूल परिवर्तन चाहने पक्षहरूको दृष्टिमा यी र यस्ता 'बहस' निरर्थक हुन्, ती केवल सत्ताधारी वर्गबीच आपसी स्वार्थ र लेनदेनका छिनाझपटी मात्रै हुन्। यही राजनीतिक प्रणाली कायम रहँदासम्म अर्थात् यही संविधानले छ्वास्स छोएको 'समाजवादउन्मुख' पदावलीको कार्यान्वयन नहुँदासम्मे जतिसुकै प्रगतिशील, असल र गतिलो बजेट बनाइयो भनिए तापनि जनअपेक्षाको सही सम्बोधन सम्भव नहुने कुरा स्वतः स्पष्ट नै छ।

## एसपीपी...

प्रधानमन्त्री र गठबन्धनमा भएको छलफलअनुसार अहिलेसम्म त्यस्तो कुनै सम्झौता भएको छैन।' पूर्वप्रधानमन्त्री दाहालले थपे- 'त्यस्तो कुनै सैन्य सम्झौता हुने छैन भन्ने घोषणा म यहाँबाट गर्न चाहन्छु।'

प्रधानमन्त्री शेरबहादुर देउवाले आफूले कुनै पनि हालतमा त्यस्तो खालको सम्झौता गर्दिनँ भनेर प्रतिबद्धता व्यक्त गरेको भन्दै अध्यक्ष प्रचण्डले सरकारले सम्झौता गर्न लाग्यो भनेर कोही भ्रममा पर्न जरुरी नभएको जिकिर गरे।

गठबन्धन सरकार एसपीपी सम्झौता गर्नेमा नलाग्ने विश्वास दिलाउँदै उनले भने- 'गठबन्धन त्यस्तो कुरामा लाग्दैन। हामी नेपालको राष्ट्रिय स्वाधिनता तथा नेपालको विकास र समृद्धिको पक्षमा दृढतापूर्वक उभिन्छौं।'

## महिला जनप्रतिनिधिद्वारा लैङ्गिक हिंसा रोक्ने प्रतिबद्धता

**काठमाडौं।** महिला जनप्रतिनिधिहरूले समाजमा हुने लैङ्गिक हिंसा रोक्न प्रतिबद्धता जनाएका छन्। लैङ्गिक हिंसा बढ्नुका कारण पहिचान गरी निराकरण गर्ने पाल्पा तानसेन नगरपालिकाका महिला जनप्रतिनिधिले अठोट गरेका छन्। गाउँघरमा मादक पदार्थ सेवन तथा लागुऔषध सेवनका कारण हिंसाजन्य घटना बढिरहेको छ।

जिल्ला प्रशासन कार्यालय पाल्पाले तानसेनमा गरेको 'लैङ्गिक हिंसा तथा लागुऔषध नियन्त्रण विषयक' अन्तर्क्रिया कार्यक्रममा टोलटोलमा गएर मादक पदार्थ सेवन तथा नियन्त्रणका लागि जनचेतना जगाउने, कानुनी कुराका बारेमा सचेतना फैलाउने, हिंसाका घटनाका बारेमा प्रहरी, प्रशासनमा जानकारी गराउने यहाँका महिला जनप्रतिनिधिले बताएका छन्। नगरका १४ वटा वडामा हिंसाजन्य कार्यविरुद्ध सक्रिय भएर लाग्ने उनीहरूले बताएका छन्।

महिला हिंसा, लैङ्गिक हिंसा नियन्त्रण तथा रोकथामका लागि नवनिर्वाचित महिला जनप्रतिनिधि र पाल्पाका १० वटै पालिकाका सामाजिक शाखाका प्रमुख तथा प्रतिनिधिबीच जिल्ला प्रशासन कार्यालय पाल्पाले छलफल अन्तर्क्रिया गराएको हो।

घरेलु रक्सी, जाँड जस्ता मादक पदार्थ सेवनका कारण महिला हिंसाका घटना हुने गरेकाले गाउँ, सहरमा लुकिछिपी हुने घरेलु मदिराको उत्पादन, बेचबिखन तथा ओसारपसारमा महिला जनप्रतिनिधि चनाखो हुनुपर्ने प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तले बताए।

'लैङ्गिक हिंसा समाजमा बढ्दै गएको छ, घरेलु मदिरा उत्पादन, बेचबिखन, ओसारपसार जस्ता गतिविधि नियन्त्रण गर्नसके महिला हिंसा ९० प्रतिशतले घट्नेछ' उनले भने। लैङ्गिक हिंसाअन्तर्गत ९० प्रतिशत महिला र १० प्रतिशत पुरुषपीडित भएको उजुरी पर्ने गरेका छन्। सहायक प्रमुख जिल्ला अधिकारी भक्तिसरा राना, घरधन्दादेखि कार्यालयका काम, बिहानदेखि साँझसम्मका काम महिलाहरूले गर्नुपर्ने, हिंसामा पनि महिला परेको अवस्थामा जनप्रतिनिधिले यस्ता विषयमा जानकारी लिई नियन्त्रणको अभियान चलाउनुपर्ने बताए।

## किसानको समस्या बुझिदिन सरकारसमक्ष आग्रह

**काठमाडौं।** प्रतिनिधिसभाको बैठकमा सहभागी अधिकांश सदस्यहरूले किसानको समस्या बुझिदिन आग्रह गरेका छन्। जुनै सरकार आए पनि अत्यावश्यक सामग्रको अभाव र चर्को मूल्यवृद्धि हुने गरेको सबै दल एकै ठाउँमा उभिनु पर्नेमा जोड दिएका हुन्।

बैठकमा बोल्दै प्रतिनिधिसभा सदस्य सञ्जयकुमार गौतमले बीउ, मल, पेट्रोलियम उत्पादनको मूल्य वृद्धि तथा किसानले भोग्नुपरेको समस्या समाधान गर्नुपर्नेमा जोड दिए।

प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले जुन सरकारको समयमा पनि अत्यावश्यक सामग्रीको अभाव र चर्को मूल्यवृद्धि हुने गरेकाले यस्तो विषयमा आएको सार्वजनिक महत्वको प्रस्तावमा सबै दल एक ठाउँमा उभिनुपर्ने बताए। गौतमले किसानले भोगेको समस्या बुझिदिन सरकारसँग आग्रह गरे।

यस्तै सदस्य गोमा देवकोटाले किसानले मल नपाएको, विद्यार्थीले पुस्तक नपाएकाले उनीहरूलाई मल बीउ तथा पुस्तक उपलब्ध गराउनुपर्नेमा जोड दिए।

अर्का सदस्य पार्वतीकुमारी विशंखेले किसानलक्षित प्रस्ताव, संविधानमा नागरिकको खाद्य सुरक्षाको अधिकारको व्यवस्था गरिए पनि कृषकमैत्री कार्यक्रम सरकारले ल्याउन नसकेको बताए।

सदस्य लक्ष्मीकुमारी चौधरी कृषि प्रधान देशमा किसानले मल, बीउ, बिजन प्राप्त गर्न नसक्नु उनीहरूको अपमान भएको बताउँदै सरकारले बाँझो जमिन राख्न नपाइने नियम बनाएको भए पनि खेती गर्न मलको अभाव हुनु द्वन्द्वात्मक विषय भएको बताए भने मोहनकुमार पाण्डे भन्सार शुल्क शून्य बनाएर पनि जनताले आफैं मल आयात गर्न दिनुपर्ने विचार व्यक्त गर्दै उनीहरूलाई मल उपलब्ध गराउन हरसम्भव उपाय अवलम्बन गर्नुपर्ने बताए। उनले विगतमा मल कारखाना स्थापना गर्न, मल आयात गर्न पूर्व कृषिमन्त्रीले किन नगरेको अहिले बताउनुपर्ने विचार व्यक्त गरे।

अर्का सदस्य तुलसी थापा यो वर्षको खेती गर्न आवश्यक मल भण्डारण गर्न गोदाम समेत नरहेको अवस्थामा सरकार संवेदनशील हुनुपर्ने बताउँदै आत्मनिर्भर बन्न के कसो गर्नुपर्छ त्यसको निमित्त सोच बनाउन सरकारको ध्यानाकर्षण गराए। अर्का सदस्य प्रेम सुवाल मल आपूर्ति हुन नसकेको विषयमा गठबन्धनका शीर्ष नेतालाई जवाफ दिन लगाउनुपर्ने बताउँदै मल आयातमा अर्बौं रूपैयाँ कमिसन प्राप्त हुने हुँदा मल कारखाना स्थापनाका लागि चार दशकदेखि कुरा उठे पनि अगाडि बढ्न नसकेको विचार व्यक्त गरे।

अन्य सदस्यहरू निरुदेवी पाल, नारदमुनि चौधरी र कलिना खातुनले मल अभावले अहिले आतंकित रहेकाले राजनीतिभन्दा माथि उठेर यसलाई समाधान गर्नुपर्नेमा जोड दिए।

प्रतिनिधिसभाका सांसदहरूले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गराउन समेत माग गरेका छन्। आर्थिक वर्ष २०७९/८० को बजेटको विभिन्न शीर्षकमाथि मन्त्रालयअन्तर्गतको छलफलका क्रममा दलीय आधारमा सांसद डा भीम रावलले भारतसँग जोडिएका सिमानाका बारेमा सरकारको जवाफ माग गरेका थिए।

उनले नेपाललाई शान्ति क्षेत्र घोषणा गरिनुपर्ने र संविधानविपरीत कुनै पनि गतिविधि गर्न नहुनेमा जोड दिए। सांसद खगराज अधिकारीले सहरी विकासमन्त्रीले कास्कीको पोखरामा सबै बजेट कटौटी गरिएको उल्लेख गर्दै स्वास्थ्य क्षेत्रमा बजेटको कमी भएको तथा जनताको स्वास्थ्यप्रति सरकार गम्भीर नभएको बताए।

'स्वास्थ्य बीमाका लागि दीर्घ रोगका लागि आवश्यकभन्दा बजेट विनियोजन गरिएको छ, सामाजिक स्वास्थ्य बीमालाई सरकारले जोड दिनुपर्छ' भन्दै पोखरामा रहेको मणिपाल मेडिकल कलेज निजीकरण गर्न नहुने बताए।

सांसद शक्तिबहादुर बस्नेतले परराष्ट्र नीति र सुरक्षा नीतिका बारेमा सरकारको प्रष्ट धारणा हुनुपर्ने माग गर्दै जोखिमपूर्व सदरमुकामका बारेमा बजेटले ध्यान दिन नसकेको बताए भने सांसद रेणुका गुरुङले फोहर व्यवस्थापनको दीर्घकालीन समाधान खोज्नुपर्ने माग गर्दै भूमिहीन तराईका डोम समुदायलाई जग्गा तथा आवासको व्यवस्था गर्नुपर्नेमा जोड दिए।

सांसद अनिलकुमार झाले सुरक्षित नागरिक आवास कार्यक्रमको आवश्यकता औंल्याउँदै जनता आवास कार्यक्रम अन्तर्गत दलित समुदायलाई भनिए पनि उनीहरूले पाउन नसकेको बताए।

प्रतिनिधिसभा बैठकबीच सांसदहरू कृष्णप्रसाद दाहाल, सत्यनारायण शर्मा खनाल, सत्या पहाडी, लक्ष्मी परियार, सरलाकुमारी यादव, लक्ष्मीकुमारी चौधरी, लीलादेवी सिटौलाल छुट्टाछुट्टै विषयप्रति सरकारको ध्यानाकर्षण गराएका थिए।

बचत गर्दा ध्यान दिऔं !
सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने-
त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं।
अधिक लाभको लोभमा नफसौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## बढ्दो अमेरिका-चीन द्वन्द्वबीच आसियान राष्ट्र सम्बन्ध विस्तारमा

**काठमाडौं।** दक्षिणपूर्वी एसियाली राष्ट्रको सङ्गठन (आसियान)का विदेशमन्त्रीको विशेष बैठकले अमेरिका र चीनबीचको बढ्दो द्वन्द्वलाई दृष्टिगत गरी सदस्य राष्ट्रबीचको सम्बन्धलाई अझ विस्तार गर्नुपर्नेमा जोड दिएको छ।

भारत र सिङ्गापुरको सह-अध्यक्षतामा आज यहाँ शुरू भएको उक्त बैठकले युक्रेनमा जारी आक्रमणले यस क्षेत्रको शान्ति र स्थायित्वमा जोखिम थपेको तथा संयुक्त राज्य अमेरिका र चीनबीचको चर्को द्वन्द्वले पारस्परिक सम्बन्धलाई अझ सुदृढ गर्नुपर्नेमा जोड दिएको हो।

भारतका विदेश मन्त्री एस जयशङ्करले भारत र दक्षिणपूर्वी एसियाली राष्ट्र युक्रेन युद्धको भूराजनीतिक प्रभावको सामना गरिरहेका बताउँदै खाद्य र ऊर्जा सुरक्षाका साथै मलखाद एवम् दैनिक उपभोग्य वस्तुको मूल्य अनपेक्षितरूपमा बढेको तथा आपूर्ति शृङ्खला भएको अवरोधले यस क्षेत्रमा असर परेको बताए। भारतले बलियो, एकीकृत, समृद्ध आसियानलाई पूर्णरूपमा समर्थन गर्ने बताए।

सिङ्गापुरका विदेशमन्त्री भिभियन बालकृष्णनले युक्रेनमा रूसको कारबाहीबाट अन्तरराष्ट्रिय नियम र मापदण्डको उल्लङ्घन भएको टिप्पणी गरे। उनले अमेरिका र चीनबीचको द्वन्द्वले सम्पूर्ण एसियामा प्रत्यक्ष प्रभाव पारेको बताए। रूस-युक्रेन युद्ध र अमेरिका-चीन द्वन्द्व नियन्त्रण भएन भने क्षेत्रीय शान्ति र स्थायित्वको प्रणालीलाई जोखिममा पार्ने उनले बताए।

दुईदिने उक्त बैठकमा ब्रुनाइ, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड, म्यान्मा र भियतनामका विदेशमन्त्री सहभागी छन्।

## विश्वव्यवस्थामा चिनियाँ चुनौतीको सामना गर्न बाइडेनको बेइजिङ रणनीति

**बेइजिङ।** अन्तर्राष्ट्रिय व्यवस्थामा चीनलाई चुनौतीको रूपमा चित्रण गर्दै राष्ट्रपति जो बाइडेनले अमेरिकी हित तथा नियममा आधारित प्रणालीको रक्षा गर्न चीनसँग प्रतिस्पर्धा गर्ने रणनीति अघि सारेका छन्।

अमेरिकी विदेश मन्त्री एन्टोनी जे ब्लिन्केनले आफ्नो नीतिगत सम्बोधनमा रूसभन्दा चीनले अन्तर्राष्ट्रिय प्रणालीमा सबैभन्दा गम्भीर चुनौती खडा गरेको खुलासा गर्दै विश्व व्यवस्थालाई पुनर्संरचना गर्ने आर्थिक, कूटनीतिक, सैन्य र प्राविधिक क्षमता भएको एक मात्र देश चीन भएको बताएका हङकङ पोष्टले जनाएको छ।

चीन विश्व अर्थतन्त्र र जलवायु परिवर्तनदेखि कोभिडसम्मका समस्याहरूलाई सम्बोधन गर्ने क्षमताका लागि पनि महत्वपूर्ण भएको उल्लेख गर्दै हङकङ पोष्टले चीनको समस्यासँग जुध्न बाडेनको दृष्टिकोण अपर्याप्त भएको टिप्पणी गरेको छ।

अमेरिकी विदेश मन्त्रीले गत हप्ता अमेरिकाको नेतृत्वमा रहेको इन्डो-प्यासिफिक इकोनोमिक फ्रेमवर्क फर प्रस्पटिरीको सुरुवात भएको बताएका थिए। उनको यही भनाइलाई लिएर उक्त पत्रिकाले हिन्द-प्रशान्त क्षेत्रमा परम्परागत सुरक्षा सहयोगभन्दा आर्थिक सहयोगलाई समर्थन गर्ने र चीनलाई आफ्नो प्रमुख व्यापारिक साझेदार मान्ने भएकाले यस ढाँचामा स्वतन्त्र व्यापार सम्झौता समावेश हुनुपर्नेमा जोड दिएको छ।

यसैबीच, अमेरिकी सांसदको द्विपक्षीय समूहले सरकारलाई चीनमा अर्बौं लगानी कटौती गर्न अनुमति दिने घोषणा गरेको छ। देशको राष्ट्रिय एवम् आर्थिक सुरक्षाका निम्ति लगानी कटौती गर्नेसम्बन्धी सम्झौतालाई अनुमति दिने निर्णय भएको जनाइएको छ। स्वदेशी उद्योगका सरोकार सम्बोधन गर्न सांसदले उक्त निर्णय गरेका बताइएको छ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं